ञ

# श्री
# काठमाडौं जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री बाबुकाजी बानिया
## फैसला
### सम्वत् २०७४ सालको मुद्दा नम्बर ०७४-CR-०११४
### निर्णय नम्बरः ४४
### मुद्दाः-विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन अन्तर्गतको कसूर ।
### दर्ता मितिः २०७४।०४।२२
### फैसला मितिः २०७४।०७।२८

(सक्कल पाना १२(बाह्र) को फैसला )

**वादीको नाम, थर, वतन**

सम्मानिनय राष्ट्रपति ज्यूको स्वकिय सचिवालयको पत्र समेतको जाहेरीले नेपाल सरकार ................................१

**साक्षीः-**

**प्रमाण/कागजः-X**

**प्रतिवादीको नाम, थर, वतन**

केदार सिंह सुनारको नाति दुज बहादुर सुनारको छोरा जिल्ला प्युठान साबिक पुजा गा.वि.स वडा नं.२ हाल गौमुखी न.पा.वडा नं.४ जाडा गाँउ स्थाई वतन भई कपिलवस्तु नगरपालिकामा रहेको हुँदा ९३ मेगाहर्ज एफ.एम.मा.कार्यक्रम प्रमुखको रुपमा कार्यरत वर्ष २३ का सोनु कुमार सुनार ..........................१

**साक्षीः-**

**प्रमाण/कागजः-X**

**अदालतवाट वुझेकोः-**

**साक्षीः-**

भेषराज पाण्डे, अराज सिंह वेलवासे, दिपा महत,माधव भाट क्षेत्री, केशवराज ज्ञवाली, हिमसरा वि.क.,मेखराम सुनार

**प्रमाणः-x**

न्यायप्रशासन ऐन, २०७३ को दफा ७ एवं मुलुकी ऐन, अदालती वन्दोवस्तको २९नं. वमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

**जाहेरी दरखास्त तथा अनुसन्धानका क्रममा तयार भएका अन्य कागज प्रमाणहरुः**

१. बिगत केही दिन देखी सोनु कुमार सुनार, बिबेक बानियाँ, राजेन्द्र पौडेल, देवान लुङ्गेली मगर र रामेश्वर साह समेतका अपराधिक मनोबृति भएका ब्यक्तिहरुले सम्माननीय राष्ट्रपति ज्यूका विषयमा सामाजिक सञ्जाल फेसबुक मार्फत अत्यन्त अमर्यादित, अशोभनिय शब्द प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन गरेको हुँदा निजहरुलाई अविलम्ब कारबाहीको प्रकृया अगाडी बढाईदिनु हुन निर्देशानुसार अनुरोध छ भन्ने ब्यहोराको सम्माननीय राष्ट्रपतिको स्वकीय सचिवालयको मिति २०७४।०३।२७ गतेको पत्र ।

२. सोनु कुमार सुनारको फेसबुक आई.डी. मा सम्माननीय राष्ट्रपति ज्यू प्रति सामाजिक सञ्जाल फेसबुक मार्फत अत्यन्त अमर्यादित, अशोभनिय शब्द प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन गरेको हुँदा निज सोनु कुमार सुनार तहाँ कार्यालय मातहतमा बस्ने गरेको हुँदा निजलाई पक्राउ गरी यस ब्यूरोमा दाखिला गरि दिनु भन्ने मजकुर केन्द्रीय अनुसन्धान ब्यूरोको मौखिक आदेशानुसार निज सोनु कुमार सुनारलाई पक्राउ गरी हुदा एफ.एम.९३ मेगाहर्जमा खानतलासी गर्दा सोनु कुमार सुनारको सीम सहितको मोबाईल थान-१, कम्प्यूटर सि.पि.यू.-१ र सिडी थान-१ समेतका सामानहरु बरामद गरी बरामदी मुचुल्का समेत सोनु कुमार सुनारलाई दाखिला गरेको भन्ने जिल्ला प्रहरी कार्यालय कपिलबस्तुको मिति २०७४।०३।२९ गतेको पत्र ।

३. जिल्ला प्रहरी कार्यालय कपिलबस्तुको पत्र साथ यस ब्यूरोमा दाखिला भएको बरामद Computer CPU, SAMSUNG COMPANY को मोबाईल, सोनु कुमार सुनारको फेसबुक आई.डी. र सि.डी. समेत परिक्षण गरी हेर्दा निज सोनु कुमार सुनार ले सम्मननीय राष्ट्रपति ज्यू प्रति सामाजिक सञ्जाल फेसबुक मार्फत अत्यन्त अमर्यादित, अशोभनिय शब्द प्रयोग गरी राष्ट्र

प्रमुखको मानमर्दन हुने गरी पटक-पटक स्टयाटसहरु लेखी सामाजिक संजाल फेस बुकमा स्टयाटसहरु पोष्ट गरेको देखिएको हुँदा सो स्टयाटसहरु समेत प्रिन्ट निकाली सि.डी. समेतमा राखि पेश गरेको भन्ने प्र.प्र.का.के.अ ब्यूरोको परिक्षण प्रतिवेदन ।

४. मिति २०७४।०३।२९ गतेको जिल्ला प्रहरी कार्यालय कपिलबस्तुको खानतलासी बरामदी मुचुल्कामा उल्लेखित कम्प्युटर सि.पी.यू., ९८६७४७५३०५ नं. सीम सहितको सामसुङ कम्पनिको मोवाईल-१ र सीडी थान-१ समेतका सामानहरु मलाई देखाउँदा देखें र चिनें बरामद सामानहरु मध्ये कम्प्यूटर सि.पी.यू. म काम गर्ने हुदा ९३ मेगाहर्ज एफ.एम. कपिलबस्तुको कम्प्युटरको सि.पि.यू. हो । मैले सोही सि.पि.यू. कम्प्यूटरमा बसी एफ.एम. को कार्यक्रमहरु बनाउने र ब्यक्तिगत इमेल तथा फेसबुक समेत चलाउने गर्दथें । ९८६७४७५३०५ नं. को सीम सहितको सामसुङ कम्पनिको मोवाईल मेरो ब्यक्तिगत मोबाइल हो । बरामद भएको सिडीमा मैले राष्ट्रपति ज्यूको मानमर्दन गरी लेखि सामाजिक संजालमा पोष्ट गरेको स्ट्याटस र सो स्ट्याटसलाई बिभिन्न मानिसहरुले टयाग गरेका कुराहरुको स्क्रीन सट लिई सो सिडीमा हालिएको छ ।मैले मिति ०७४।०३।२४ गतेका राति अं.२२:०० बजेको समयमा मेरो ९८६७४७५३०५ नं. सीम सहितको सामसुङ कम्पनिको मोवाईलमा मैले " एक राडी छे, जसले पतिलाई खोलामा फ्याकी, जन्म दिने आमालाई बृद्दा आश्रममा । केपि ओलीसँगको चुम्मचाटीले राष्ट्रपति भई, अहिले १६ करोडको गाडी माग्दैछे । राडीको राज्य नेपालमा लेखि मेरो सामाजिक संजालमा रहेको फेसबुक Sonu Kumar Sunar को नामबाट पोष्ट गरी दिएको हुँ । मैले सम्माननीय राष्ट्रपतिको मानमर्दन हुने गरी मेरो सामाजिक संजाल फेसबुकमा पोष्ट गरेको स्टयाटस मैले ब्यक्तिगत हिसाबमा लेखेको हुँ । यो लेख्ने र पोष्ट गर्ने कार्यमा अन्य कोही कसैको संलग्नता र मिलोमतो छैन।मैले लेखेको सो स्टयाटसको स्क्रीन सटलिई कपिलबस्तुको चन्द्रौटा स्थित रेडियो भ्वाईसमा कार्यरत अराजसिंह बेल्बासे, नेकपा मसाल निकट पत्रकार संगठन कपिलबस्तुका अध्यक्ष माधव भाट क्षेत्री, मैले नचिनेका चन्द्र कुमार लामाले सामाजिक संजाल फेसबुकमा पोष्ट गरी दिएका थिए । रेडियो बुद्धआबास बाणगंगा कपिलबस्तुमा कार्यरत दिपा महतले सोही रेडियोका स्टेशन म्यानेजर भेषराजपाण्डे र बुद्ध दर्पण दैनिक, कपिलबस्तुकी कार्यकारी सम्पादक पार्वती पाण्डे लगायत अन्य घेरै मानिसहरुको फेसबुकमा मैले सम्माननीय राष्ट्रपतिको मानमर्दन हुने गरी लेखेको स्टयाटस पोष्ट गरी टयाग गरेकी थिईन । सो बाहेक नेकपा एमाले कपिलबस्तु जिल्ला सदस्य बिश्व कार्कीले मेरो मोबाईलमा मलाई फोन गरी किन त्यस्तो

स्ट्याटस लेखेको तिमी बिरुद्धमा हामी मुद्दा हाल्दैछौं भनि जानकारी गराएका थिए । नेकपा एमालेको भातृसंगठन अनेरास्वबियूको केन्द्रीय सदस्य टुकलाल गैरेले पनि मेरो फेसबुक मेसेन्जरमा मेसेज गरी मेरो मोबाईल नं. मागेका र मैले फोन नं. दिए पछी मलाई निजले फोन गरी मलाई सो स्ट्याटस लेखेको कुरामा गाली गलौज तथा धम्कि समेत दिएका थिए । मिति २०७४।०३।२९ गतेको जिल्ला प्रहरी कार्यालय कपिलबस्तुको पत्र साथ दाखिला भएका सिडीमा सेभ रहेको डकुमेण्टहरु प्रिन्ट निकाली मिसिल संलग्न रहेकोमा सो प्रिन्ट निकालीएका कागजातहरुमा लेखिएका स्ट्याटसहरु मैले नेकपा एमालेसँग असहमत रही केही समय अगाडी देखि मैले आफ्नो बिचार लेखी सामाजिक संजाल फेसबुकमा मेरो आई.डी. Sonu Kumar Sunar को नामबाट पोष्ट गरेका स्ट्याटसहरु हुन । सो स्ट्याटसहरु कहिले कहिले लेखिएका हुन एकिन मिति मलाई थाहा छैन । मैले सम्माननिय राष्ट्रपतिज्यू समेतको मानमर्दन हुने गरी अश्लिल तथा अमर्यादित शब्दहरु लेखि सामाजिक संजाल फेसबुकमा पोष्ट गरिएका स्ट्याटसहरु मध्ये केही स्ट्याटसहरु डिलिट गरी हटाई सकेको छु भने केही स्ट्याटसहरु मेरो फेसबुक पेजमा नै सेभ भएका छन् होला । अन्य ठाँउमा मैले सेभ गरी राखेको छैन ।यसरी अश्लिल तथा अमर्यादित शब्दहरु लेखि सामाजिक संजाल फेसबुकमा पोष्ट गर्नु हुँदैन बिधुतीय कारोबार ऐन बमोजिम कारबाही हुन्छ भन्ने कुराको थाहा जानकारी थियो। तर राष्ट्रपतिज्यू जनता र देशको दर्दनाक अबस्था बारे सम्बेदनशिल नभएको कारण मैले सो स्ट्याटस लेखी पोष्ट गरेको हुँ । सम्माननीय राष्ट्रपतिको स्वकीय सचिवालयको मिति२०७४।०३।२७ गतेको पत्र जाहेरीमा उल्लेखित बिबेक बानियाँ, राजेन्द्र पौडेल, देवान लुङगेली मगर र रामेश्वर साहलाई म चिन्दिन । निजहरु मेरो फेसबुकका साथीहरु समेत हैनन् । निजहरुको एकिन वतन, सम्पर्क नं., सामाजिक संजालका आई.डी.हरु र हुलिया समेत मलाई थाहा छैन । मैले सम्माननिय राष्ट्रपतिज्यू समेतको मानमर्दन हुने गरी अश्लित तथा अमर्यादित शब्दहरु लेखि सामाजिक संजाल फेसबुकमा पोष्ट गरिएका स्ट्याटसहरुलाई बिबेक बानियाँ, Suren Hanggam Limbu, Raju Gautam, Deependra Thapa Magar समेतले स्क्रीन सट लिई सामाजिक संजाल फेसबुकमा पोष्ट गरेकाले निजहरु मेरो फेसबुक पेजमा देखिएका हुन भन्ने ब्यहोराको प्रतिबादी सोनु कुमार सुनारको मिति २०७४।०४।०२ गतेको बयान ।

५. म बुद्ध आवाज रेडियो कपिलबस्तुको स्टेशन म्यानेजर तथा बुद्ध दर्पण दैनिक कपिलबस्तुको प्रधान सम्पादक हुँ । प्रतिबादी सोनु कुमार सुनार हुदा ९३ मेगाहर्जमा कार्यक्रम प्रमुखको रुपमा काम गर्ने भएकाले मैले चिन्दछु । गते बार थाहा भएन आज भन्दा १२/१३ दिन

अगाडी मेरो आफ्नो फेसबुक खोली हेर्दा निज प्रतिबादी सोनु कुमार सुनारले सम्माननिय राष्ट्रपति ज्यूलाई सामाजिक संजाल फेसबुक मार्फत अत्यन्तै अमर्यादित, अशोभनीय शब्दहरु प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन हुने गरी स्ट्याटस लेखी पोष्ट गरेको देखि उक्त स्ट्याटसलाई आधार मान्दै यसरी स्ट्याटस लेख्नेहरुलाई कानुन बमिजिम कारबाही हुनु पर्ने भन्दै मैले काम गर्दै आएको बुद्ध आबाज रेडियो कपिलबस्तुबाट समाचार प्रसारण गर्नुका साथै बुद्ध दर्पण दैनिक पत्रिका कपिलबस्तुको मिति २०७४र०३र२९ गतेको प्रकासित पत्रिकामा समेत समाचार प्रकासित गरेको हुँ । सोही समाचारलाई मेरो फेस बुक मार्फत सामाजिक संजालमा पोष्ट गरेको हुँ । यसरी निज सोनु कुमार सुनारले सम्माननीय राष्ट्रपति ज्यूको मानमर्दन हुने गरी बिभिन्न स्ट्याटसहरु लेखी सामाजिक संजाल फेसबुकमा स्ट्याटस पोष्ट गरेका हुँदा निजलाई कानुन बमोजिम कारबाही हुनु पर्छ भन्ने ब्यहोराको मिति २०७४।०४।०८ गतेको भेषराज पाण्डेको घटना बिबरण कागज ।

६. म रेडियो भ्वाईस चन्द्रौटामा कार्यरत छु । प्रतिबादी सोनु कुमार सुनार हुदा ९३ मेगाहर्जमा कार्यक्रम प्रमुखको रुपमा काम गर्ने भएकाले मैले चिन्दछु । आज भन्दा १२/१३ दिन अगाडी मेरो आफ्नो फेसबुक खोली हेर्दा निज प्रतिबादी सोनु कुमार सुनारले सम्माननिय राष्ट्रपति ज्यूलाई सामाजिक संजाल फेसबुक मार्फत अत्यन्तै अमर्यादित, अशोभनीय शब्दहरु प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन हुने गरी स्ट्याटस लेखी पोष्ट गरेको र सो स्ट्याटसलाइ स्क्रीन सट गरी दर्शन न्यूजले पोष्ट गरेको हुँदा उक्त स्क्रीन सटलाई मैले पोष्ट गरी सो पोष्टमा हेलो पत्रकार महासंघ खुल्ला रुपमा पत्रकारिता क्षेत्रमा बेईज्जत भइरहेको छ यस्तो मानिसलाई कारबाही हुनुपर्छ भनि लेखेको हुँ निज प्रतिबादी सोनु कुमार सुनारले सामाजिक संजाल फेसबुकमा सम्माननीय राष्ट्रपति ज्यूको मानमर्दन हुने गरी अश्लिल तथा अमर्यादित शब्दहरु लेखी पोष्ट गरेका हुँदा निजले गरेको उक्त कार्य अपराधिक कार्य हुँदा निजलाई कारबाही गराउने उदेश्यले निज सोनु कुमार सुनारले पोष्ट गरेको स्ट्याटसको स्क्रीन सटलाई फेसबुकमा पोष्ट गरी सचेत तथा जानकारी गराउने उदेश्यले पोष्ट गरेको हुँ । यसरी निज सोनु कुमार सुनारले सम्माननीय राष्ट्रपति ज्यूको मानमर्दन हुने गरी बिभिन्न स्ट्याटसहरु लेखी सामाजिक संजाल फेसबुकमा स्ट्याटस पोष्ट गरेका हुँदा निजलाई कानुन बमोजिम कारबाही हुनु पर्छ भन्ने ब्यहोराको मिति २०७४।०४।०८ गतेको अराज सिंह बेलबासेले गरिदिएको घटना बिबरण कागज।

७. म प्रगतिशिल पत्रकार संगठन कपिलबस्तुको अध्यक्ष हुँ । प्रतिबादी सोनु कुमार सुनार हुदा ९३ मेगाहर्जमा कार्यक्रम प्रमुखको रुपमा काम गर्ने भएकाले मैले चिन्दछु । गते बार थाहा भएन आज भन्दा १२/१३ दिन अगाडी मेरो आफ्नो फेसबुक खोली हेर्दा निज प्रतिबादी सोनु कुमार सुनारले सम्माननिय राष्ट्रपति ज्यूलाई सामाजिक संजाल फेसबुक मार्फत अत्यन्तै अमर्यादित, अशोभनीय शब्दहरु प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन हुने गरी स्टयाटस लेखी पोष्ट गरेको देखि मैले सो स्टयाटसलाइ स्क्रीन सट गरी निज प्रतिबादी सोनु कुमार सुनारलाई पोष्ट गरी निजलाई सोनु कुमार भाई तिमी होसमा आउ भनि लेखेको हुँ । सोनु कुमार सुनारले सामाजिक संजाल फेसबुकमा सम्माननीय राष्ट्रपति ज्यूको मानमर्दन हुने गरी अश्लिल तथा अमर्यादित शब्दहरु लेखी पोष्ट गरेका हुँदा निजले गरेको उक्त कार्य अपराधिक कार्य हुँदा निजलाई कारबाही गराउने उदेश्यले निज सोनु कुमार सुनारले पोष्ट गरेको स्टयाटसको स्क्रीन सटलाई फेसबुकमा पोष्ट गरेको हुँ । यसरी निज सोनु कुमार सुनारले सम्माननीय राष्ट्रपति ज्यूको मानमर्दन हुने गरी बिभिन्न स्टयाटसहरु लेखी सामाजिक संजाल फेसबुकमा स्टयाटस पोष्ट गरेका हुँदा निजलाई कानुन बमोजिम कारबाही हुनु पर्छ भन्ने ब्यहोराको मिति २०७४।०४।०८ गतेको माधब भाट क्षेत्रीले गरिदिएको घटना बिबरण कागज ।

८. म बुद्ध दर्पण दैनिक कपिलबस्तुको कार्यकारि सम्पादक हुँ । प्रतिबादी सोनु कुमार सुनार हुदा ९३ मेगाहर्जमा कार्यक्रम प्रमुखको रुपमा काम गर्ने भएकाले मैले चिन्दछु ।निज प्रतिबादी सोनु कुमार सुनारले सम्माननिय राष्ट्रपति ज्यूलाई सामाजिक संजाल फेसबुक मार्फत अत्यन्तै अमर्यादित, अशोभनीय शब्दहरु प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन हुने गरी स्टयाटस लेखी पोष्ट गरेको स्टयाटसलाई मैले पोष्ट गरी टयाग गरेको समेत होईन । सो स्टयाटसलाई को कस्ले मेरो फेसबुकमा टयाग गरे मलाई थाहा छैन भन्ने ब्यहोराको मिति २०७४।०४।०८ गतेको पार्बती पाण्डेले गरिदिएको घटना बिबरण कागज ।

९. म रेडियो बुद्ध आवाज बाँणगंगा कपिलबस्तुमा कार्यरत छु । प्रतिबादी सोनु कुमार सुनार हुदा ९३ मेगाहर्जमा कार्यक्रक प्रमुखको रुपमा काम गर्ने भएकाले मैले चिन्दछु । गते बार थाहा भएन आज भन्दा १२/१४ दिन अगाडी मेरो आफ्नो फेसबुक खोली हेर्दा निज प्रतिबादी सोनु कुमार सुनारले सम्माननिय राष्ट्रपति ज्यूलाई सामाजिक संजाल फेसबुक मार्फत अत्यन्तै अश्लिल तथा अमर्यादित शब्दहरु प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन हुने गरी लेखेको स्टयाटस स्क्रीन सट गरी फेसबुकमा पोष्ट भएको र निज प्रतिबादीले यस्तो घृणीत कार्य

गरेको हुँदा उक्त स्क्रीन सट गरी पोष्ट गरेको ठाउँमा तपाईको यस्तो स्टयाटसले गर्दा अरु पत्रकारहरुको पनि नाम खराब भएको छ भनि कमेण्ट गरेको हुँ । मैले प्रतिबादी सोनु कुमार सुनारको स्टयाटसलाई स्क्रीन सट गरी कोही कसैलाई पोष्ट गरेको छैन । सोनु कुमार सुनारले सामाजिक संजाल फेसबुकमा सम्माननीय राष्ट्रपति ज्यूको मानमर्दन हुने गरी अश्लिल तथा अमर्यादित शब्दहरु लेखी पोष्ट गरेका हुँदा निजलाई कानुन बमोजिम कारबाही हुनु पर्छ भन्ने ब्यहोराको मिति २०७४।०४।०८ गतेको दिपा महतले गरिदिएको घटना बिबरण कागज ।

**<u>अभियोग पत्र र प्रतिवादीले अदालतमा गरेको बयान समेतका कागज प्रमाणहरु</u>**

१०. अतः उल्लेखित प्रतिबादी सोनु कुमार सुनारको उक्त कार्य विद्युतिय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसूर अपराध हुँदा निज प्रतिवादी सोनु कुमार सुनार लाई सोहि ऐनको दफा ४७ बमोजिम सजाय हुन तथा सोहि ऐनको दफा ५८ क. नं. र ७६ नं. बमोजिम पीडित पक्षलाई प्रतिवादी बाटै मनासिव क्षतिुर्ति दिलाई भराई पाउन तथा सोहि ऐनको दफा ५६ बमोजिम बरामद भई आएका दशीका चिजबस्तुहरु कम्प्युटर CPU र SAMSUNG COMPANY को मोबाईल जफत हुन मागदाबी लिएको अभियोग पत्र।

११. मैले मिति २०७४ साल असार २४ गते को अन्नपुर्ण राष्ट्रिय दैनिक को अनलाइन पत्रिकामा समाचार विश्लेषण पढेपछी देश र जनताको दर्दनाक अवस्था बाढी पिडीत, भुक्म्प पिडितहरुको पिडाको विषय संझिदा मानसिक रुपमा अत्यन्त चिन्तीत तनाव र आवेगमा आई राष्ट्रपति ज्यूलाई अपमान हुने गरी मैरै फेसबुकमा स्टाटस लेखेको र उक्त स्टाटस लेखेको केही घण्टा भित्रै मेरो फेसबुकको म्यासेजमा राष्ट्रपतिज्यूको वारेमा लेखिएको स्टाटस हटाउन तथा कतिपय आक्रोशपूर्ण म्यासेजहरु प्राप्त भएका थिए । ५ घण्टा पछी मानसिक रुपमा अलि स्थिर महसुस गरेपछि उक्त स्टाटस डिलिट गरेको हुँ र राष्ट्रपतिलाई अपमान हुने गरी लेखिएको स्टाटस प्रति क्षमा माग्दै आइन्दा यस्तो प्रकारको नलेख्ने भनि फेसबुक बाटै माफि मागी तत्काल भूल सुधार गरेको हुँ । तर मैले माफी मागी सकेको स्टाटसलाई पहिले नै स्क्रीन सट गरी डिलेट नगरी पोष्ट गर्ने काम कपिलबस्तु स्थित बस्ने एमाले अखिल निकट अराज सिं वेलवासे, नेकपा मसाल निकट पत्रकार संगठनका अध्यक्ष माधव भाट क्षेत्री, चन्द्र कुमार लामा, दिपा महत लगायतले त्यो स्क्रिन सट जस्ताको तस्तै पोष्ट गर्ने र सामाजिक सञ्जालमा भाइरल गराउने काम गरेका थिए । उनीहरुलाई मैले पटक पटक स्टाटस् हटाउन र मैले माफि मागी सकेको कुरा जानकारी गराएको थिएँ । मैले सामाजिक सञ्जाल

फेसबुकको एकाउन्ट खोलेको १ वर्ष भयो र साइबर कानूनको बारेमा मलाई ज्ञान थिएन । उक्त ज्ञानको अभावमा फेसबुक चलाउँदा अन्जानबस मानसिक अस्थिरता आदी कारणले गल्ती गर्न पुगेको हुँ । मैले जानी जानी कुनै गल्ती नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सोनु कुमार सुनारले यस अदालतमा गरेको वयान ।

१२. प्रतिवादीले अनुसन्धानको क्रममा र अदालत समक्ष वयान गर्दा सम्माननीय राष्ट्रपति ज्यू समेतको मान मर्दन हुने गरी अश्लील तथा अमर्यादित शब्द लेखि फेसबुकमा पोष्ट गरेको तथ्यलाई स्वीकार गरेको देखिन्छ । प्रतिवादीले सम्माननीय राष्ट्रपति प्रति अमर्यादित शब्द प्रयोग गरेको फेसबुक स्टाटसको मुद्रण प्रति मिसिल सामेल रहेको देखिन्छ । प्रतिवादीले आफ्नो फेसबुक मार्फत राष्ट्र प्रमुखको मान मर्दन हुने गरी पटक पटक स्टाटस लेखि सामाजिक संजाल फेसबुकमा पोष्ट गरेको देखिएको भन्ने परिक्षण प्रतिवेदन बाट देखिन्छ । तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीले आरोपित कसूर गरेको होइन भन्न सक्ने अवस्था नहुँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादीलाई अदालती बन्दोबस्तको ११८ को देहाय २ नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न अदालती बन्दोबस्तको १२१ नं. बमोजिम थुनुवा पूर्जि दिई सम्बन्धित कारागार कार्यालयमा पठाई दिनू तथा प्रतिवादी चुक्ता भई सकेकोले वादी र प्रतिवादी पक्षका साक्षीहरु बुझी दशीमा आएको सामान जिन्सीमा आम्दानी बाँधी राख्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७४।४।२३ को आदेशानुसार सोही मितिमा च.नं.३६९ बाट प्रतिवादी सोनु कुमार सुनारलाई थुनामा पठाइएको ।

१३.मिति २०७४।०३।२९ गतेको प्रहरी प्रतिवेदनमा भएको व्यहोरा र सहिछाप म समेतको हो भनी प्रहरी प्रतिवेदक प्रहरी निरिक्षक केशवराज ज्ञवालीको बकपत्र मिसिल सामेल रहेको ।

१४. मिति २०७४।०४।०८ गतेको घटना विवरण कागजमा भएको सहिछाप, व्यहोरा मेरो आफ्नै हो, हेरी चिनी सनाखत गरें । प्रतिवादी सोनु कुमार सुनार र म Facebook मा साथी भएको हुनाले निजले बेला-बेलामा लेखेको Status मैले देखेको पढेको हुँ। निजले राष्ट्रपति लगायतका वरिष्ठ व्यक्तित्वहरुलाई तल्लो स्तरको अपमान हुने खालको गाली गलौज गरेको मैले देखेको हुँ भन्ने समेत व्यहोराको वादीका साक्षी माधव भाट क्षेत्रीको बकपत्र मिसिल संलग्न रहेको ।

१५. मिति २०७४।४।८ गतेको घटना विवरण कागजमा भएको सहिछाप, व्यहोरा मेरो आफ्नै हो भन्ने समते व्यहोराको वादीका साक्षी दिपा महतको बकपत्र ।

१६.मिति २०७४।४।८ गतेको घटना विवरण कागजमा भएको सहिछाप, व्यहोरा मेरो आफ्नै हो।प्रतिवादी सोनु कुमार र म Facebook मा साथी भएको हुनाले निजले बेला-बेलामा लेखेको Status मैले देखेको पढेको हुँ । निजले सम्माननीय राष्ट्रपतिको सम्बन्धमा नकारात्मक कुराहरु लेखेकोमा सो पश्चात धेरै जनाले विरोध र सम्झाउने काम समेत गरेका हुन् । सो सम्बन्धी समाचार स्थानिय Online पत्रिकामा समेत आएपछि धेरै जना मध्ये अर्जुन आचार्यले पत्रकारीता क्षेत्रबाट नहुनु पर्ने कुरा भयो, यस्ता पत्रकार पनि छन् भन्ने समेत भावको Status लेखेकोमा सो देखे पश्चात पत्रकारको बेईज्जत भएको ठानी सोही सम्बन्धमा स्टाटस समेत लेखि कारवाही गर्नुपर्छ भन्ने कुरा राखेको हुँ भन्ने समेत व्यहोराको वादीका साक्षी अराज सिंह वेलवासेको बकपत्र ।

१७. प्रतिवादी सोनु कुमार सुनारले राष्ट्रपति विद्यादेवी भण्डारीको व्यक्तिगत चरित्र र सामाजिक मर्यादामा गम्भिर असर पर्ने गरी अपमान जनक शब्द सहित गाली गर्दै लेखेको फेसबुक स्टाटस मैले देखें, बारम्बार विभिन्न विवादीत र अमर्यादित स्टाटस निज सुनारले लेख्दैं आएकाले त्यसमा कमेन्ट गर्ने औचित्य ठानेन तर सोही स्टाटसको आसय उल्लेख गर्दै म कार्यरत दैनिक पत्रिकामा समाचार लेखेर यस्ता कार्यलाई राज्यले रोक्नुपर्ने स्पष्ट पारेको हुँ भन्ने समेत व्यहोराको वादीका साक्षी भेषराज पाण्डेको बकपत्र ।

१८. प्रतिवादी सोनु कुमार सुनारले नियतबस रुपमा राष्ट्रपतिको चरित्र हत्या गर्ने काम गरी स्टाटस लेखेका होइनन्, निजले अन्नपुर्ण पत्रिकामा राष्ट्रपतिलाई १६ करोडको गाडी खरीद गर्ने कुरा देखि, सोही समयमा प्युठान जाने गाडी बाटोको कारणले दुर्घटनामा परी धेरै मानिसहरुको ज्यान समेत गएको, दुर्गम गाउँमा सिटामोल समेत खान नपाएको, हाल सम्म निज सोनु कुमारको गाउँमा कच्चि सडक समेत विकास नभएकोले केही क्षणको लागि सँवेग गुमाई अमर्यादित शब्दमा स्टाटस लेख्न पुगे र तत्कालै निजले पछि सो स्टाटसको बारेमा सामाजिक सञ्जालमै माफि समेत माग्नु भएको छ । यस्तो गल्ती निजले पहिले गरेका थिएनन्, निज सोनु कुमार सुनारले लामो समय देखि पत्रकारीता क्षेत्र मार्फत जनताको सेवा गर्दै आएका छन् । निजको आर्थिक अवस्था अत्यन्त कमजोर हुँदा पनि राज्यबाट पाउने युवा स्वरोजगार जस्ता सेवा सुविधा नपाएको कुरा निजले विगत देखि नै गुनासो गर्दै आएका थिए। परिवार पाल्न कुनै समय रिक्सा समेत चलाउनु परेको थियो, सो भावना राष्ट्रपतिको १६ करोडको गाडि सँग जुध्न गई एकछिनको लागि निजले मानसिक संवेग गुमाएको हो ।

निजलाई अभिगोग दावी अनुसार सजाय हुनु पर्ने होइन, सफाई पाउनु पर्छ भन्ने व्यहोराको प्रतिवादीका साक्षी मेखराम सुनारले गरेको बकपत्र ।

१९. प्रतिवादी सोनु कुमार सुनारले पत्रिकामा राष्ट्रपतिले १६ करोडको गाडीको माग गरेको भन्ने समाचार पढेपछि निजलाई एकदमै पिडा बोध भई, एकछिनको लागि मानसिक तनावमा गई संवेग गुमाई सो स्टाटस लेख्न पुगेका हुन् । पछि तुरुन्त निजले सो स्टाटस मेटाई माफि समेत मागेकोमा अरु कसैले त्यसलाई स्क्रिन सट गरी सामाजिक सञ्जालमा फैलन पुगि यस्तो हुन गयो । निज असल चरित्रका हुनुहुन्छ, अकस्मात भएको घटनालाई लिएर अभियोग दावी अनुसार सजाय हुनु पर्ने होइन, सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी हिमसरा बि.क.ले गरेको बकपत्र ।

## ठहर खण्ड

२०. नियम वमोजिम साप्ताहीक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल कागज अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दावी बमोजिमको कसूर गरेको हो होइन ? निजलाई सजाय हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२१. निर्णय तर्फ विचार गर्दा, सम्माननिय राष्ट्रपति ज्यूलाई सामाजिक संजाल फेसबुक मार्फत अत्यन्तै अश्लिल तथा अमर्यादित शब्दहरु प्रयोग गरी राष्ट्र प्रमुखको मानमर्दन हुने गरी लेखेको हुँदा प्रतिवादी सोनु कुमार सुनारलाई विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन,२०६३ को दफा ४७ विरुद्धको कसुर अपराधमा सोही ऐनको दफा ४७ बमोजिम सजाय हुन र ऐ.ऐनको दफा ५८ क नं. र ७६ नं. बमोजिम क्षतिपूर्तिको समेतको मागदावी गरी अभियोजन पक्षको दावी रहेको पाइयो । मानसिक रुपमा अत्यन्त चिन्तीत तनाव र आवेगमा आई राष्ट्रपति ज्यूलाई अपमान हुने गरी मैरै फेसबुकमा स्टाटस लेखेको हुँ । मलाई साइबर कानूनको बारेमा ज्ञान थिएन । उक्त ज्ञानको अभावमा फेसबुक चलाउँदा अन्जानबस मानसिक अस्थिरता आदी कारणले गल्ती गर्न पुगेको हुँ । मैले जानी जानी कुनै गल्ती गरेको छैन भनी कसुरलाई प्रतिवादीले स्विकार गरी अदालतमा वयान गरेको पाइन्छ । निज प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्षको वयानमा सम्मानीत राष्ट्रपतिको मान मर्यादामा आँच आउने कुराहरु लेखी सामाजिक संजाल फेसबुकमा पोष्ट गरेहो हुँ भनी कसूरमा सावित रहि वयान गरेको अवस्था छ। निजले यस अदालतमा वयान गर्दा अधिकार प्राप्त अधिकारी समक्षको वयान डर धाक देखाई बलजफतिपूर्वक सहिछाप गराएको भनि भन्न सकेको अवस्था छैन ।

२२. वादी नेपाल सरकारका तर्फबाट उपस्थित साक्षीहरु केशवराज ज्ञवाली, माधव भाट क्षेत्री, दिपा महत,अराज सिंह वेलवासे, भेषराज पाण्डेले यस अदालतमा उपस्थित भई प्रतिवादी सोनु कुमार सुनारले राष्ट्रपति विद्यादेवी भण्डारीको व्यक्तिगत चरित्र र सामाजिक मर्यादामा गम्भिर असर पर्ने गरी अपमान जनक शब्द सहित गाली गर्दै सामाजिक संजाल फेसबुकमा पोष्ट गरेकाले निजलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने हो भन्ने समेतको बकपत्र गरेको पाइन्छ । साथै केही क्षणको लागि सँवेग गुमाई प्रतिवादी सोनु कुमार सुनारले सम्माननिय राष्ट्रपतिमाथि अमर्यादित शब्दमा स्टाटस लेख्न पुगेका हुन् र उनले आफ्नो गल्ती स्विकार गरी माफी समेत मागीसकेका छन् भनी प्रतिवादीका साक्षीहरु हिमसरा बि.क.,मेखराम सुनारले समेत बकपत्र गरेको पाइन्छ ।

२३. यसमा प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्षको वयान र अदालतको वयानमा कसूरमा सावित रहेका, मौकामा बुझिएका मानिस, घटना विवरण कागका मानिस तथा जाहेरवाला र प्रतिवेदक प्रहरी समेतले अदालतमा बकपत्र गर्दा यि प्रतिवादीउपरको कसुर पुष्टि गरिदीएको देखिन्छ । यि प्रतिवादीले अदालतको वयानमा समेत आफू विरुद्दको कसूर अपराधमा साविती हुँदै आफूले गरेको कसूरप्रति पश्चाताप समेत गरेको देखिन्छ ।

२४. अतः माथि विवेचित तथ्य, कारण र मिसिल संलग्न कागजातबाट यि प्रतिवादी उपर वादी नेपाल सरकारले लिएको अभियोग दावी पुष्टी हुन आएकोले यि प्रतिवादीलाई विद्युतीय (इलक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को कसुरमा सोही ऐनको सोही दफा बमोजिम तीन महिना कैद र पाँच हजार रुपैयाँ जरिवाना हुने ठहर्छ । वादीको क्षतिपूर्ती भराई पाऊँ भन्ने मागको सम्बन्धमा दावी पुग्न नसक्ने ठहर्छ। अरुमा तपसील बमोजिम गर्ने गरी मुलुकी ऐन, अदालती वन्दोवस्तको १८६ नं. बमोजिम प्रस्तुत मुद्दा फैसला गरिदिएँ।

## तपसील खण्ड

- माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी **सोनु कुमार सुनारलाई** ३(तीन) महिना कैद सजाय र रु.५,०००।—(अक्षेरुपी पाँच हजार) जरिवाना हुने ठहरेकोले निज प्रतिवादी सोनु कुमार सुनार मिति **२०७४।३।२९** देखि हाल सम्म थुनामा रहेको देखिंदा निजलाई लागेको कैद भुक्तान भैसकेकोले कानूनबमोजिम प्रतिवादीबाट जरिवाना असुल गरी निजलाई प्रस्तुत मुद्दाबाट मात्र थुनामुक्त गरिदिनू भनी सम्बन्धित कारागार कार्यालयमा पत्राचार गरिदिनू .......................................१

- प्रतिवादी सोनु कुमार सुनारलाई रु.५,०००।—(अक्षेरुपी पाँच हजार) जरिवाना ठहरेकोले निजलाई लागेको जरिवानाको लगत कसी असुल उपर गर्नू भनी तहशिल शाखामा लगत दिनू ..........................................................................२
- अभियोगसाथ जिन्सी नं. ७७८५ मार्फत आम्दानी बाँधिएका दशिका सामानहरु प्रस्तुत मुद्दा अन्तिम भएपछि प्रतिवादी कानूनका म्यादभित्र माग गर्न आए निमयानुसार निज प्रतिवादीलाई फिर्ता दिनू ...................................................३
- प्रस्तुत फैसलाउपर चित्त नवुझे ७० दिन भित्र श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादी र फैसलाको प्रतिलिपी सहितको जिल्ला सरकारी वकिल कार्यालयलाई काठमाण्डौलाई पुनरावेदनको म्याद दिनु ....................................४
- प्रस्तुत फैसलाको प्रतिलिपि माग गर्ने सरोकारवालालाई नियमानुसार प्रतिलिपि उपलव्ध गराइ दिनू ..........................................................................५
- प्रस्तुत फैसलाको विद्युतियप्रति सफ्टवेयर प्रणालीमा अपलोड गरी फैसलाको पिठमा जनाई मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ...६

माननीय न्यायाधीशज्यूबाट टिपाए वमोजिम
कम्प्युटर टाइप गर्ने डि.भीम प्रकाश खत्री
फाँट नं.:-१९ **न्यायाधीश**
ईति संवत् २०७४ साल कार्तिक महिना २८ गते रोज ३ शुभम् ............................।